.

# मेल्लेख गाउँपालिकाको चौथो गाउँ सभामा प्रस्तुत
# आर्थिक वर्ष २०७६/०७७ को
# बजेट वक्तव्य

## मेल्लेख गाउँपालिका
### अछाम जिल्ला
### सुदूरपश्चिम, प्रदेश

# मेल्लेख गाउँपालिकाको चौथो गाउँ सभामा प्रस्तुत
## आर्थिक वर्ष २०७६/०७७ को
## नीति तथा कार्यक्रम

गाउँ सभाका अध्यक्ष ज्यू,

यस चौथो गाउँ सभाका प्रमुख अतिथि ......................ज्यू, विशिष्ट अतिथि, .........................................., वडा अध्यक्ष तथा गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभा एवं वडा सदस्यज्यूहरु, प्रशासकीय अधिकृतज्यू, विभिन्न राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, सम्पूर्ण सरकारी कार्यालयका प्रमुखज्यूहरु, सुरक्षा निकायका प्रमुखहरुज्यू, सञ्चारकर्मी साथीहरु, सम्पूर्ण गैरसरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, समाजसेवी, राजनीतिकर्मी, बुद्धिजीवी, शिक्षक कर्मचारी, महिला, बालबालिका, जेष्ठ नागरिक, विद्यार्थी, दलित, अशक्त, लगायत सम्पूर्ण मेल्लेख गाउँपालिका बासी तथा उपस्थित सज्जनबृन्द ।

सर्वप्रथम, यस चौथौं गाउँ सभाको उद्घाटन समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरेर यहाँ उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू विशिष्ठ अतिथिज्यू लगायत सम्पूर्ण अतिथिज्यूहरुमा मेरो व्यक्तिगत तर्फबाट तथा मेल्लेख गाउँपालिकाको स-परिवारको तर्फबाट कृतज्ञता सहित स्वागत गर्दछु ।

१) यस मेल्लेख गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु । आजको यस महत्वपूर्ण अवसरमा नेपाली जनताले गरेका वलिदानीपूर्ण जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत अन्य सबै आन्दोलनमा आफ्नो जीवनको आहुति दिने सम्पूर्ण वीर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस क्रममा घाइते र वेपत्ता यौद्धाहरुप्रति सम्मान प्रकट गर्न चाहन्छु ।

२) मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभूति स्थानीय निकायमा गरिरहेका छन् र नेपाल सरकारको **सुखी नेपाली र संम्वृद्ध नेपाल** भन्ने लक्ष्यलाई कार्यान्वयन मार्फत साकारपार्न कटिवद्धता सहित जनता र जनप्रतिनिधि अघि बढिरहेकाछन् । तर, स्थानीय तहमा भौतिक पूर्वाधार, कर्मचारी व्यवस्थापन र वित्तिय संस्थाको अभावमा काम गर्न चूनौति रहेको जगजाहेर नै छ । यो जटिल र चुनौतिपूर्ण अवश्य छ, तर यसलाई नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर मेल्लेख गाउँपालिका आर्थिक, सामाजिक विकासमा तीब्र गतिमा अगाडि बढ्नुको विकल्प छैन । यसका लागि सम्पूर्ण आम मेल्लेख गाउँपालिका बासी दाजुभाई तथा दिदीबहिनी शिक्षक, बुद्धिजीवि, राजनीतिक दल लगायतले सकारात्मक सोच सहित सुझाव र कार्यान्वयनमा सहयोग गरि दिन हुन विगतमा झैं अपेक्षा सहित अनुरोध गर्दछौं ।

३) हामी मेल्लेख गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही आफ्नो नीति आफै बनाउने र आफ्नो लागि आफैं शासन गर्ने लोकतन्त्रको अभ्यास गरिरहेका छौं । यस अवसरमा संविधानले सुनिश्चित गरेका कानुनी प्रावधानहरुलाई अक्षरशः पालना गर्ने र गराउने प्रतिवद्धता ब्यक्त गर्दछु । साथै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको सार्वभौम अधिकार, स्वायत्तता र सुशासनको अधिकारलाई आत्मसात गर्नेछौं । केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्नेछौं ।

४) संविधानले परिकल्पना गरेको दिगो विकास, सम्वृद्धि र सुशासन प्राप्तीका लागु चालु आर्थिक वर्षमा वृहत्तर आधारशिलाको निर्माण भएको छ । गाउँपालिका वासीको चाहना अनुरुप विकास गर्न मेल्लेख गाउँपालिका दृढ संकल्प रहेको छ । संविधानले व्यवस्था गरे बमोजिम सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई गाउँपालिका समृद्धिको रुपमा सहभागिता हुनेगरी तथा समाजवाद उन्मुख सिद्धान्तलाई मार्गदर्शनको रुपमा लिइएको छ ।

५) आर्थिक वर्षको वजेट तर्जुमा गर्दा अपनाइएका आधारहरुः
नेपालको संविधान २०७२
स्थानीय सरकार सञ्चालन ऐन २०७४
राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन र मापदण्डहरु, स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४
संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
स्थानीय तहको मध्यकालिन खर्च संरचना
श्रोत साधन, विकासका अन्तरसम्बन्धित विषयहरु
नेपाल सरकारले अर्न्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धतावाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु र मेल्लेख गाउँपालिका भित्रका राजनीतिक दलहरु, शिक्षक, बुद्धिजीवि, महिला, दलित, विभिन्न संघसंस्था, संचारकर्मी एवं नागरिक समाजवाट प्राप्त रचनात्मक सुझावलाई समेत ध्यान दिइएको छ ।
६) आर्थिक वर्ष २०७६/०७७ को वजेट विनियोजन गर्दा संघीय र प्रदेश सरकार वाट वित्तिय समानिकरण, राजश्व बाँडफाड, आन्तरिक श्रोत, अनुमानित विशेष अनुदान र समपुरक अनुदानलाई मध्येनजर गर्दै वजेट तर्जुमा गरिएको छ
७) महिला, बालबालिका, दलित, एकल महिला, अपाङ्ग, घाइते, अशक्त, जेष्ठ नागरिकलाई सहयोग पुग्नेगरी वजेटमा व्यवस्था गरिएको छ ।
८) विद्युतीय भाँडी (काठका सामाग्रीहरु तयार गर्ने) व्यवस्थापनको लागि वजेट विनियोजन गरिएको छ ।
९) मेल्लेख गाउँपालिकामा एम.बी.बी.एस.डाक्टर, भिडियो एक्स-रे दुर्गम वडाहरुमा सामान्य स्वास्थ्य परीक्षणमा प्रयोग गरिने अल्ट्रासाउण्डको व्यवस्था गर्ने लक्ष्य राखिएको छ ।

**सभाका अध्यक्ष ज्यू !**
**अब म चालु आर्थिक वर्षको आर्थिक तथा अन्य स्थिति बारे जानकारी गराउन चाहन्छु ।**

नेपाल सरकारको निर्णय अनुसार साविकका **ऋषिदह, ठाँटी, कुस्कोट, विन्धेवासनी, शोडषा, नन्देगडा र हात्तिकोट** समेटी सुन्दरभूमि १५/२० क्षेत्र हाल यस मेल्लेख गाउँपालिकामा ८ वटा वडा रहेका छन् भने २०६८ सालको जनगणना अनुसार २४,६७० हाल (२७,९२९) जनसंख्या रहेको छ । ४,३६० घरधुरी र ५.४ घरपरिवारको औषत आकार रहेको छ । यस गाउँपालिकको क्षेत्रफल १३४.७८ वर्ग कि.मी. रहेको छ । एउटा क्याम्पस गरी ४३ वटा विद्यालयहरु र वालविकास केन्द्र समेत रहेका छन् ।

मेल्लेख गाउँपालिकामा चालु आर्थिक वर्षमा संघीय सरकारबाट २ करोड पचास लाख विशेष अनुदान र १ करोड ५४ लाख ६३ हजार समपुरक अनुदान प्राप्त भएको थियो, संघीय सरकारले फागुन ७ मा मात्र निर्णय गरी फागुन १५ मा मात्र अख्तियारी पठाई अनिवार्य टेण्डर प्रक्रियामा जानु पर्ने प्रावधानका कारण समपुरक कोषबाट भने केही रकम मात्र खर्च भएको छ । प्रदेश सरकारबाट विशेष अनुदानमा ७५ लाख प्राप्त भएको थियो । जुन कार्यान्वयनको क्रममै रहको छ ।

**उपस्थित सभाका सदस्य ज्यू !**

नेपालको संविधान, २०७२ को प्रावधान अनुसार अधिकार र स्रोत साधन सम्पन्न स्थानीय तहको गठन भएको छ । उक्त स्थानीय तह सरकारकै रुपमा रहेको र कानुनी प्रावधान अनुसार व्यवस्थापकीय, कार्यकारिणी र न्यायिक अधिकारको प्रयोग गर्ने व्यवस्था रहेको छ । देशमा राजनीतिक रुपमा स्थायित्व कायम भएको, विकासका गतिविधिहरु फस्टाउने सम्भावनाहरु देखिएको, जनतामा विकास प्रतिको तीव्र चाहना, जनप्रतिनिधिमार्फत स्थानीय तहमा नै जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्वको अभ्यास हुने, स्थानीय तहदेखि नै लोकतन्त्रको असली अभ्यास हुन थाल्नु

ग्रामीण क्षेत्र विकासका नयाँ संकेतहरु हुन् । स्थानीय तहले आफैँ आफ्नो क्षेत्रभित्र लगाउने कर, शुल्क तथा राजश्वको दर निर्धारण गर्ने, वर्षभरी प्राप्त हुने राजश्वको अनुमान गर्ने, प्राप्त हुने अनुदान तथा अन्य स्रोतको प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण गर्ने, स्थानीय तहका गाउँ, बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिमा कार्यक्रम तथा योजनाहरुको वृहद् छलफल पश्चात कार्यपालिकाले स्वीकृत गरी गाउँसभामा पेश हुन गएको मेल्लेख गाउँपालिकाको तेश्रो वर्षको वार्षिक नीति तथा कार्यक्रमका साथै बजेट घोषणा गर्न पाउँदा म निकै हर्षित  छु ।

बहु जातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसातगरी विविधता बीचको एकता, सामाजिक, साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सदभावलाई संरक्षण एवं सम्बर्द्धन गर्नेछौं । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूत, बालविवाह, छाउपडिप्रथा, धामिझाँक्री जस्ता कुरीति र अन्धविश्वासको अन्त्य गर्नेछौं । आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशि र सहभागितामूलक सिद्धान्तका आधारमा सदियौदेखि पछाडि पारिएको ऐतिहासिक १५/२० क्षेत्र हाल मेल्लेख गाउँपालिकामा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दछौं ।

**अछाम जिल्लाकै नमूना गाउँपालिका बनाउने उद्देश्यकासाथ सम्मानित गाउँसभामा निम्नानुसार कार्यक्रम र योजनाको प्राथमिकीकरण गरी वजेटको व्यवस्था गरेको छु ।**

**उपस्थित गाउँसभा सदस्य तथा महानुभावहरु,**

विकासका समसामयिक मुद्दाहरु जस्तैः सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैगिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री र वातावरण मैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य पूर्ण साक्षरता, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरुलाई लिइएको छ ।

**गाउँपालिकाले बार्षिक योजना तर्जुमा गर्दा निम्न विषयहरुलाई प्राथमिकतामा राखेको छः**

क) आर्थिक विकास तथा गरिबी निवारण
ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु
ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
घ) स्थानीय सहभागिता जुट्ने, स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
ङ) स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग गर्ने
च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभपुग्ने
छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने
ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउने
झ) स्थानीय विपद् तथा जलवायु परिवर्तन सम्बन्धी योजनाहरु
ञ) विपद् ब्यवस्थापन सूचना संकलन तथा स्थानीय विपद् जलवायु परिवर्तन अनुकुलन सिकाई केन्द्र
ट) बहुक्षेत्रीय पोषण कार्यक्रम आगामी वर्षमा पनि सबै वडामा निरन्तर गर्न आवश्यक पहल गरिनेछ ।
ठ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने लगायतका विषयहरुलाई प्राथमिकताका साथ राखिएका छन् ।
ड) धामी झाँक्री, बालविवाह, बालश्रम, छुवाछूत र छाउगोठ मुक्त वडालाई पुरुस्कृत गरिनेछ ।
ढ) उत्कृष्ट विद्यालय, स्वास्थ्य संस्था, कर्मचारीलाई प्रोत्साहन स्वरुप सम्मान गरिनेछ ।
ण) मादकपदार्थ र सुर्तिजन्य पदार्थ निषेध गर्ने वडालाई थप बजेटको व्यवस्था गरिनेछ ।
त) सबै वडामा कम्प्युटरको व्यवस्था गरिनेछ ।
थ) प्रत्येक वडामा सार्वजनिक शौचालय निर्माणको पहल गरिनेछ ।
द) गाउँपालिका भित्र अब निर्माण गरिने खानेपानीका धाराहरु बालमैत्री हुनेछन् ।
ध) गा.पा. भित्र रंगशाला निर्माण गर्न पहल गरिनेछ ।
न) गाउँपालिका भित्र हुने अवसरहरुमा दलित, महिला समुदायलाई विशेष प्राथमिकता दिइनेछ ।

प) **हरियो, बाँझोखेत भरियो** भन्ने मूलनाराका साथ गा.पा. मा रहेका बाँझा जमिनहरुमा वृक्षारोपणको योजना ल्याइनेछ ।

फ) मेल्लेख गाउँपालिकाको वडा नं.३ मा रहेको जग्गादर्ताको समस्या समाधानकोलागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

ब) गाउँपालिकामा **गाउँपालिकाद्वारा संचालित आफ्नै बस सेवा** संचालनको लागि बजेट विनियोज गरिएको छ ।

भ) बजेट विनियोजन गर्दा उपलब्ध सिमित श्रोत साधनलाई ध्यान दिइएको छ । र, योजनाको प्राथमिकिकरणको आधारमा क्षेत्रहरुको पहिचान गरी आवश्यकताको आधारमा कार्यान्वयन गरिने छन् ।

## आदरणीय गाउँसभाका सदस्यहरु तथा उपस्थित महानुभावज्यूहरु

## गाउँपालिकाले आर्थिक बर्ष २०७६/०७७ देखि अवलम्वन गर्ने गरी तयार गरेका गाउँपालिकाका नीति तथा कार्यक्रमहरु निम्नानुसार रहेका छन् :

मेल्लेख गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुती गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिएको छ ।

**आर्थिक विकास** :

**कृषि:**

१) बढ्दो जलबायु परिवर्तनका साथ कृषि क्षेत्रमा पनि प्रत्यक्ष असर परेकोले जलबायु परिवर्तनलाई मध्यनजर राख्दै आधुनिक कृषि प्रविधिको अवलम्बन गर्न विशेष ध्यान दिइनेछ ।

२) साना सिचाई, युवा स्वरोजगार, सहकारी खेती जस्ता कार्यक्रमहरुले साना कृषक, पिछडिएका दलित महिला तथा सीमान्तकृत कृषकलाई प्रोत्साहन गर्न अनुदानको कार्यक्रमहरु समावेश गरिनेछन् ।

३) एक घर, एक करेसावारी निर्माण गरी कृषि कार्यक्रमलाई प्रभावकारी रुपमा जनतामाझ पुऱ्याइनेछ ।

४) उन्नत जातका विऊ, अर्गानिक मल तथा किटनाशक औषधीको समयमै समुचित वितरण गरिने कार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

५) हरेक वडालाई छुट्टा-छुट्टै कृषि वालीको पकेट क्षेत्र बनाई सोही अनुरुपको सिफारिस सहित बालिको पकेट क्षेत्र(seprate area) बनाउने रणनीतिलाई अंगिकार गरिनेछ ।

६) समयमै वालीमा लाग्ने रोग किरालाई नियन्त्रण गरी परजीविवाट हुने नोक्सानीको निराकरणमा विशेष ध्यान दिने नीति अंगिकार गरिनेछ ।

७) गत आ.व. मा सबै वडाहरुको माटो परिक्षण शिविर सञ्चालन गरिएको र उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८) '**कृषि पर्यटन रोड, अर्गानिक खेतीमा जोड'** भन्ने मुल नारा सहित यसै आ.व.बाट थप माटो परीक्षण गरी एक वडा, एक फलफुल बगैंचा, कीवी खेती विस्तार, अलैचीँ खेती, मसला बाली, आलु ब्लक तथा पकेट क्षेत्रलाई विशेष जोड दिइनेछ ।

९) समुह दर्ता गर्नको लागि कृषकहरुलाई प्रेरित गर्ने र कृषि पर्यटन क्षेत्रको लागी विशेष पहल गरिनेछ ।

१०) बढ्दो बैदेशिक रोजगारीमा जाने आकर्षणलाई कम गर्नको लागि युवा लक्षित कार्यक्रम ल्याइनेछन् । जसमा मौरीपालन, फलफूल बगैचा, कृषि फर्म आदि ।

११) मेल्लेख गाउँपालिकामा एउटा तरकारी संकलन केन्द्र निर्माण गर्न पहल गरिनेछ ।

१२) गा.पा.मा आकस्मिक बाली संरक्षण सेवा प्रदान गरिनेछ ।

१३) **एक वडा तीन नमुना कृषक** बनाउने र उत्कृष्ट कृषकहरुलाई कृषि मेला प्रर्दशनी गरी प्रोत्साहन स्वरुप पुरस्कार वितरण गरिनेछ ।

१४) कृषि उत्पादन बढाउने कृषकलाई पुरुस्कृत गरिनुकासाथै अनुदानको ब्यवस्था गरिनेछ ।

१५) कृषि क्षेत्रलाई आधुनीकीकरण तर्फ उन्मुख गराउने उद्देश्यका साथ मेल्लेख गा.पा.को सबै भन्दा बढी मकै उत्पादन हुने क्षेत्रमा **मकै चुट्ने विद्युतीय मेसीन** वितरणका लागि पहल गरिनेछ ।
१६) प्राङ्गारिक मलमा रहेको नाइट्रोजन तत्वलाई ह्रास भएर जान नदीनका लागि **भकारो सुधार** कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
१७) कृषि प्रणालीलाई आधुनिकीकरण गर्नका लागि आवश्यक पर्ने विभिन्न उपयोगी औजारहरु वितरणका लागि बजेट विनियोजन गरिनेछ ।
१८) कुखराका दानाहरु उत्पादन गर्ने तालिमको व्यवस्था गरिनेछ ।
१९) समुहगत कृषकलाई आत्मनिर्भर बन्न **कृषि विमा**को व्यवस्था गरिएको छ ।
२०) असार १५ गते राष्ट्रिय धान दिवसको अवसरमा यस मेल्लेख गाउँपालिकामा पनि धान दिवस मनाइने छ ।

**पशु**

मेल्लेख गाउँपालिकामा पशुपालनको अत्यन्तै सम्भावना भएको क्षेत्र हो । यहाँका कृषकहरुको आम्दानीको श्रोत पशुपालन पनि रहेको छ । **'गोठदेखि ओठसम्म स्वच्छ'** दुधको व्यवस्थापनको लागि मेल्लेख गाउँपालिकामा दुध डेरीको व्यवसायलाई थप विशेष पहल गरिनेछ ।
१) पशु तथा चौपायालाई लाग्ने रोगको नियन्त्रण गरी समयमै निशुल्क औषधी वितरण गरिने नीति अपनाइनेछ ।
२) उन्नत जातका पशु तथा चौपाया ल्याई नश्ल सुधार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
३) सबै वडामा सार्वजनिक ठाउँमा पशु तथा चौपायामा लाग्ने रोग र तीनका लक्षणहरुको बारेमा जानकारी गराउने कार्यक्रम ल्याइनेछ ।
४) प्रत्येक कृषकलाई पशु तथा चौपायाबाट आत्मनिर्भर हुने रणनीति अपनाइनेछ । जसमा सहुलियतमा दुध डेरी खोल्न अनुदान उपलब्ध गराइनेछ ।
५) पशु तथा पशुजन्य रोगहरुबाट बच्न सफा तथा स्वच्छ मासु पसल बनाउने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
६) यस गाउँपालिकालाई मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउन बाख्रापालन र कुखुरापालनलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिनेछ ।
७) पशुपालन गर्ने कृषकलाई तालिम, गोष्ठी, खोरसुधार, हाड नाताबाट अन्त्य गर्न प्रजननको लागि बोका, राँगा वितरण गरिनेछन् ।
८) पशु उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृत्रिम गर्भाधान सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
९) पशुहरुको औषधी उपचारको लागि **'एक वडा, एक प्राविधिक'** को पहल गर्न विशेष ध्यान दिइनेछ ।
१०) कृषकहरुलाई प्रोत्साहन गर्न **'भैसीपालन समूह'** निर्माण गर्ने कृषकलाई प्रोत्साहन स्वरुप पुरस्कार दिइनेछ ।
११) अण्डामा गा.पा.लाई पूर्ण आत्मनिर्भर बनाउन, अण्डा दिने कुखुरा पालन गर्न चाहने युवाहरुलाई तालिमको ब्यवस्थाका साथै अनुदान दिइनेछ ।
१२) भैसी, कुखुरा, बाख्रा पालन गर्ने कृषकलाई अनुदानको व्यवस्था गरिएको छ ।
१३) **भैसीको सुत्केरी भत्ता**को व्यवस्था गरिएको छ ।
१४) मासु पसल निर्माणको लागि बजेट विनियोजन गरिएको छ ।
१५) पशु वीमा कार्यक्रमलाई विशेष ध्यान दिइनेछ ।
१६) कुनै निश्चित ठाउँमा हप्ताको एक पटक कृषि बजार मेला, हाटवजार वा उद्योगबाट उत्पादन भएका वस्तुको प्रदर्शन तथा विक्री वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

**पर्यटनः**

मेल्लेख गाउँपालिकामा पर्यटकहरु आकर्षण गर्ने वातावरण निर्माण गरिनेछ । होटल तथा अन्य सेवा उद्योगहरुको संख्या ब्यवस्थित तथा वृद्धि गर्ने, पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन गरिनेछ । ऋषिदह र शोडषाको संगमस्थल ऋषिदह (ताल), छोटी मालिका (नदाई), शोडषाको गंगा-जमूना, विन्ध्वेवासनीको रोकायागाँउ भण्डारकोट र सिजापति महाराजाले चिठेको देवल, नन्देगडाको चुलिकोट क्षेत्र अहिले पनि खनजोत गर्दा हातहतियारका अवशेषहरु र

वालुवाखानी भेटिने गरेका छन् । यसको उत्खलन गर्ने हो भने ऐतिहासिक र पुरातात्विक वस्तुहरु फेलापर्ने सम्भावना रहेको छ । यिनलाई संरक्षण गर्न महत्वकासाथ लागिनेछ ।

१) पर्यटन केन्द्रहरुको पहिचान गरी तत् सम्बन्धी प्रचार प्रसार गर्ने रणनीति अवलम्बन गरिनेछ ।

२) पहिचान भएका पर्यटन केन्द्रमा पुग्नलाई स्थलमार्गको स्पष्ट रेखाङ्कन गरी सोही अनुरुपको कार्यक्रम बनाइने रणनीतिक कार्ययोजना बनाइनेछ ।

३) धार्मिक पर्यटकीय स्थलहरुको संरक्षण गरी थप सहयोगपूर्ण अनुदान उपलब्ध गराइनेछ ।

**उद्योग**

१) सम्भाब्यता अध्ययन गरी सम्भावित भएको ठाउँमा घरेलु तथा साना उद्योग संचालन गर्न प्रोत्साहन गर्ने रणनीति अपनाइनेछ ।

२) गाउँपालिकामा घरेलु तथा साना उद्योगबाट उत्पादन भएका कच्चा पदार्थ तथा उत्पादन भएका वस्तुहरुको निकासीमा कुनै कर लाग्ने छैन ।

३) व्यापार व्यवसाय कार्यलाई व्यवस्थित गर्न एकद्वार प्रणाली अपनाई उद्योग, व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

४) उद्योगलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था मिलाइनेछ ।

**सहकारी तथा वित्तीय क्षेत्रः**

यस गाउँपालिका गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको  जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ ।

१) **गाउँ गाउँमा सहकारी, घर घरमा रोजगारी** भन्ने नारालाई सार्थक बनाउन विज्ञ समुहबाट सहकारी तथा वित्तिय संस्था सम्बन्धी छलफलको आयोजना गरिनेछ । जसबाट सहकारी संस्था खोल्न कानुनी तथा तत् सम्बन्धी नीतिलाई कार्यन्वयनमा ल्याइनेछ ।

२) सबै किसिमका वित्तिय कार्य गर्नलाई बैंकिङ सेवाबाट मात्र गरिने रणनीति अपनाइने र सहकारी तथा वित्तिय संस्था खोल्नलाई सहयोग पुऱ्याउने कार्यक्रम ल्याइनेछ ।

३) सहकारी मार्फत **जनताको चुलो(खाद्यान्न)** सहुलियत कार्यक्रमलाई थप प्रभावकारी बनाई खाद्यान्न भण्डार डिपो विस्तार गरिने छ ।

**उद्योग तथा वाणिज्य**

उद्यमशिलतामा विकास गर्न '**उद्यम विकास कोष'** स्थापना गर्न पहल गरिनेछ । गाउँक्षेत्र भित्रका उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरुको विक्री वितरणको लागि **'कोशेली तथा नासो घर'** स्थापना गर्न पहल गरिनेछ । यसको लागि भाँणी उद्योगलाई ब्यवस्थापन गर्न अनुदानको व्यवस्था गरिएकोछ ।

गाउँपालिका क्षेत्रमा संचालित साना तथा घरेलु उद्योगहरुको सूचि तयार गरिनेछ, उक्त उद्योगहरुलाई गाउँपालिकामा दर्ता गराई त्यस्ता उद्योगहरुको प्रबर्द्धनमा गाउँपालिकाले सहजीकरण गर्ने गरी कार्यक्रम तथा योजनाहरु संचालन गरिनेछ ।

**युवा**

**एक टोल १० युवा, १० युवा एक उद्यम** कार्यक्रम संचालन गरिनेछ ।

यस गाउँपालिकामा रहेको ठुलो हिस्सा युवा पलायनलाई रोक्न युवा स्वरोजगारका लागि विभिन्न सीपमुलक तालिमहरु स्थानीय संघसंस्थासँग समन्वय गरी संचालन गरिनेछन् ।

वेरोजगार युवाहरुलाई विकास निर्माणकार्यमा लगाइने व्यवस्था मिलाइनेछ ।

नेपाल सरकारद्वारा संचालित कामका लागि पारिश्रमिकमा आधारित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित ढंगले कार्यान्वयन गरिनेछ । र गाउँपालिकाले पनि आवश्यकतामाथप रकम विनियोजन गर्नेछ ।

**सामाजिक विकास :**

**शिक्षाः**

**'शिक्षा जीवनको आँखा'** भन्ने मूल नाराकासाथ शिक्षा क्षेत्रलाई व्यवस्थित गरिनेछ ।

१) यस आर्थिक वर्षमा कोही पनि बालबालिका विद्यालयको पहुँच भन्दा बाहिर रहने छैनन् र आधारभूत शिक्षाको पहुँचलाई सुनिश्चित गरी बालमैत्री स्थानीय शासनको रणनीतिलाई अंगिकार गरी सोही अनुसारको कार्यनीति बनाइनेछ ।

२) साक्षर गाउँपालिका घोषणा गर्न विशेष पहल गरी सीपमूलक तथा आयमूलक कार्यक्रमको कार्यनीति बनाइनेछ ।

३) अपांग, असहाय, टुहुरा, अति गरिबीको चक्रमा परेका व्यक्तिको पहिचान गरी सोही अनुसारको सहायता प्याकेज निर्माण गर्ने रणनीति लिइनेछ ।

४) बहुक्षेत्रीय पोषण शिक्षालाई जनचेतनाको माध्यमले प्रचार प्रसार गर्दै **स्वस्थ, सुखि र सम्बृद्ध परिवार, हाम्रो सरोकार** उक्तीलाई आत्मसाथ गरिनेछ ।

५) प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा जनताको अधिकार भन्ने मूल नारालाई सार्थक बनाउने रणनीति लिइने छ ।

६) गुणस्तरीय शिक्षा, रोजगारमूखी कार्यक्रमलाई निरन्तरता दिदै विद्यालयमा जाने अनुदानलाई थप प्रभावकारी बनाउने रणनीति अपनाइने छ र शिक्षा अनुदानलाई निरन्तरता दिइनेछ ।

७) मेल्लेख गाउँपालिकामा रहेको जनशिखा क्याम्पसलाई पनि यस आ.व. देखि अनुदान प्रदान गरिने व्यवस्था मिलाइनेछ ।

८) मेल्लेख गाउँपालिकामा रहेको कृषि प्राविधिक विद्यालयलाई साधन श्रोतमा व्यवस्थित गर्न विशेष पहल गरिनेछ ।

९) विद्यालय स्तरमा बनाइने भौतिक संरचनामा फर्निचर सहितको कक्षाकोठा, खानेपानी र ट्वाइलेटलाई व्यवस्थित गर्न विशेष पहल गरिनेछ ।

१०) बाल विकास केन्द्रको स्तरोन्नतिका लागि क्षमता विकास गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछन्

११) यस गा.पा.अन्तर्गतका सम्पूर्ण विद्यालयहरुलाई पूर्ण सरसफाई, बालमैत्री शौचालय निर्माण, स्वच्छ खानेपानी व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

१२) एस.इ.इ.मा उच्चतम अंक ल्याउने विद्यालयलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिनेछ ।

१३) **'हाम्रो विद्यालय, राम्रो विद्यालय'** बनाउन अभिभावक शिक्षालाई निरन्तरता दिइनेछ ।

१४) असहाय, टुहुरा, एच.आई.भी. पीडित, जेहेन्दार बालबालिकालाई छात्रबृत्तिको व्यवस्था गरिनेछ ।

१५) शिक्षा क्षेत्रमा देखिएका समस्याहरु समाधान गर्नको लागि **'विशेष कोष'** खडा गरिनेछ ।

१६) आई.सि.टी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७) सीप निर्माण सम्बन्धी इ एम आइ एस लेखा परिक्षण, वित्तिय सुशासन सम्बन्धी तालिम संचालनका लागि आवश्यक पहल गरिनेछ ।

१८) शैक्षिक सूचाङ्क पूरा गर्ने विद्यालयहरुलाई नमूना विद्यालयको लागि आवश्यक पहल गरिनेछ ।

१९) विद्यार्थीको शैक्षिकस्तर वृद्धिका लागि अन्तर विद्यालय प्रतियोगिताहरु संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ

२०) बाल संरक्षणका लागि **'बालहीत कोष'**को व्यवस्था गर्न पहल गरिनेछ ।

२१) सामुदायिक विद्यालयबाट अध्ययन गरी प्राविधिक उच्च शिक्षा अध्ययन गर्न चाहने गरीब तथा जेहन्दार विद्यार्थीलाई साझेदारी स्वरुप छात्रवृति कोषको व्यवस्था गरिनेछ । अध्ययन गरिसकेपछि आफ्नै गाउँपालिकालाई पहिलो प्राथमिकता राख्नुपर्नेछ ।

२२) आमा/बुबा नभई बेसहारा भएका टुहुरा बालबालिकाको संरक्षण गर्न बाल संरक्षण केन्द्रको निर्माण गरिनेछ । जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई वितरण गर्ने भत्तालाई अझ सहज र शुलभ बनाउन बैंकखाता मार्फत भुक्तानी दिने व्यवस्था गरिनेछ ।

**स्वास्थ्यः**

१) यस मेल्लेख गाउँपालिकामा आधारभुत स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराईनेछ ।

२) **जनता सँग अध्यक्ष** कार्यक्रमको स्वास्थ्य घुम्ती सेवालाई विशेष रणनीतिक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

३) औषधी भण्डारण तथा वितरण, खोप सेवालाई प्रभावकारी रुपमा सेवा उपलब्ध गराइनेछ ।

४) नागरिकले स्वास्थ्य सेवाबाट अकालमा ज्यान गुमाउन नपरोस् भन्नकालागि एम्वुलेन्स सेवा, स्वास्थ्य विशेषज्ञ सेवालाई सर्वसुलभ बनाउन अत्याधुनिक उपकरण सहित एम.वि.वि.एस डाक्टर मेल्लेख गाउँपालिकामा निरन्तर उपचारमा रहने व्यवस्था मिलाइनेछ ।

५) पछाडि परेका वर्गलाई स्वास्थ्य सेवाको पहुँचमा उच्च प्राथमिकता दिइने रणनीति बनाइनेछ ।

६) जनताको जीवनलाई स्वस्थ, सभ्य तथा सम्बृद्धि बनाउन स्वास्थ्य सेवाको प्रभावकारी प्रचार प्रसार गरी साही अनुरुपका जनचेतनामूलक सन्देशहरुको प्रभावकारी कार्यन्वयन गरिनेछ ।

७) जनतासँग अध्यक्ष कार्यक्रमको लागि रकम विनियोजन गरिएको छ ।

८) यस मेल्लेख गाउँपालिका स्थित स्वास्थ्य चौकीहरुको प्रगति विवरण रेकर्डिङ रिपोटिङहरुलाई समयानुकुल गुणस्तर बनाउन प्रत्येक स्वास्थ्य चोकीहरुमा घुम्ती बैठक संचालन गरिनेछ ।

९) यस गाउँपालिकामा देखिएका प्रमुख स्वास्थ्य समस्याहरु समाधान गर्न विभिन्न विशेषज्ञ शिविरहरु संलनका लागि पहल गरिनेछ । (जस्तै आँखा शिविर, महिलाहरुको आङ खस्ने समस्याको न्यूनिकरण शिविर, स्थायी परिवार नियोजन शिविर, विशेषज्ञ स्वास्थ्य शिविर)

१०) हाल संघीय सरकारबाट प्रदान गरिँदै आएको प्रसुति सेवा, यातायात खर्च, गर्भवति जाँच उत्प्रेरणा भत्ता, प्रसुति भएकै दिन उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

११) हाल मेल्लेख गाउँपालिकाले उपलब्ध गराउँदै आएको प्रसुति जाँच खर्च निरन्तर गरिनेछ ।

१२) यस गाउँपालिकाका दुई वटा वडालाई विस्तृत अध्ययन गरी यसै आ.ब.मा पूर्ण संस्थागत सुत्केरी वडा घोषणाका लागि आवश्यक पहल गरिनेछ ।

१३) जन स्वास्थ्य समस्याको रुपमा बढ्दै गएको क्षयरोगलाई समयमै पत्ता लगाई पूर्ण उपचारका लागि विभिन्न जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१४) प्रत्येक स्वास्थ्य चौकीमा जटिल खालका प्रसुति, बल्भिएका क्षयरोग विरामी, कडा कुपोषणका बालबालिका लाई प्रेषणकालागि स्वास्थ्य चौकी स्तरमा खर्च संचालन कार्यविधि सहित आकस्मिक रिफर कोषको स्थापना गरिनेछ ।

१५) यस मेल्लेख गाउँपालिका अन्तर्गतका प्रसुति गृहमा यसै आ.व.मा कम्तिमा एक-एक जना दक्ष प्रसुतिकर्मीको तालिमका लागि आवश्यक पहल गरिनेछ ।

१६) यस गाउँपालिका अन्तर्गतका साविकका वडाहरुमा स्वयमसेवकको रुपमा काम गर्दै आएका महिला स्वाथ्य स्वयमसेविकाको मनोवल उच्च गर्न प्रत्येक महिना दुई वटा बैठकको लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

१७) मेल्लेख गाउँपालिकामा सम्भावित महामारीबाट हुने क्षति कम गर्न गाउँपालिका स्तरमा महामारी नियन्त्रण टोलि गठन गरी तयारी अवस्थामा राखिनेछ ।

१८) यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुलाई किशोर किशारीमैत्री स्वास्थ्य सेवा संचालनका लागि आवश्यक पहल गरिनेछ ।

१९) हाल जनस्वास्थ्य समस्याको रुपमा बढ्दै गएका नसर्ने रोगको समयमै पहिचान र आवश्यक उपचारका लागि ब्यापक जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२०) यस गाउँपालिकाका दुई वटा प्रसुति केन्द्रलाई यसै आ.व.मा नमूना प्रसुति केन्द्र स्तरोन्नतिका लागि आवश्यक पहल गरिनेछ ।

२१) स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न तालिमहरु संचालन गरिनुका साथै उत्कृष्ट काम गर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिएको छ

२२) स्वास्थ्य सेवालाई प्रभावकारी, गुणस्तरीय योजनाबद्ध सेवा प्रदान गर्न प्रत्येक स्वास्थ्य चौकीहरुमा अनिवार्य मासिक, अर्धबार्षिक र बार्षिक कार्य योजना तयार गरी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

२३) यस गाउँपालिकामा रहेका छुवाछूत, लैगिक विभेद, संस्थागत सुत्केरी, पोषणयुक्त आहार जस्ता जीवन उपयोगी क्रियाकलापहरुमा बुहारीलाई सहयोग गर्ने सासुहरुलाई सम्मान स्वरुप सासु सम्मान कार्यक्रम संचालन गरिनेछ ।

२४) पूर्णखोप, खुला दिशामुक्त, छाउपडी गोठमुक्त अभियान, पूर्ण स्तनपान जस्ता कार्यक्रमको निरन्तरताका लागि योजनाबद्ध आवश्यक पहल गरिनेछ ।

२५) यस गाउँपालिका अन्तर्गत संचालित गाउँघर क्लिनिक, खोप क्लिनिकहरुलाई स्तरोन्नति गरी गुणस्तरीय सेवाको सुनिश्चितता गरिनेछ ।

२६) यस मेल्लेख गाउँपालिकामा खोप केन्द्रका लागि आवश्यक पहल गरिनेछ ।

२७) यस मेल्लेख गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा अत्याआवश्यक औषधीहरुको अभाव हुन दिइने छैन ।

२८) **मेल्लेख गाउँपालिकामा १५ शैयाको अस्पताल**को लागि आवश्यक अध्ययन, पहल तथा समन्वय गरिनेछ ।
२९) आ.व ०७६/०७७ मा वडा नं ३ को दर्वा र वडा नं ४ को कुयडामा वर्थिङ सेन्टर र गाज्रामा गाउँघर क्लिनीक स्थापनाको लागि आवश्य पहल गरिनेछ ।
३०) **गाउँ गाउँमा डक्टर, घर घरमा उपचार** भन्ने मुल नारा सहित मेल्लेख गाउँपालिकाको प्रत्येक टोलहरुमा भिडियो एक्सरे सहित विशेषज्ञ डक्टरबाट घुम्ती सेवा उपलब्ध गराइनेछ ।

**बहुक्षेत्रिय पोषण योजना र कार्यक्रमः**

क) यस गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यकासाथ बहु क्षेत्रीय पोषण योजनालाई प्राथमिकताकासाथ कार्यान्वयन गर्नलाई यस मेल्लेख गाउँपालिका अछामले प्रयाप्त रकम समपुरक कोष (म्याचिङ्ग फण्ड) को व्यवस्था गर्नेछ ।

ख) बहु क्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तीको लागि विषयगत शाखा र साझेदार निकायहसँग मिलेर पोषण लक्षित र सम्बेदनशील क्रियाकलापहरु सञ्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समावेश गरिँदै लगिनेछ ।

ग) बहु क्षेत्रीय पोषण योजना दोश्रो कार्यान्वयन सम्बन्धी राष्ट्रिय योजना आयोगको निर्देशिका २०७४ ले तोके अनुसार पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति सबै वडाहरुमा गठन गरी बहु क्षेत्रीय पोषण योजनालाई मूल प्रवाहीकरण गरिनेछ । पोषण लक्षित अनुगमन तथा मूल्याङ्कनको प्रारुप सहित स्थानीय योजना तर्जुमा प्रक्रिया र योजनाहरुमा पोषणलाई समाहित गरिनेछ ।

घ) समाजमा विद्यमान कुरिती जस्तैः छाउपडी, बाल विवाह र छुवाछूत जस्ता संस्कार र विकृति अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरिनेछ ।

ङ) स्वच्छ, सफा र पूर्ण पोषणयुक्त घर, गाउँ र वडा अभियान सञ्चालन गर्दै आगामी ५ वर्षभित्र यस गाउँपालिकालाई कुपोषणमुक्त भएको घोषणा गर्नेछौं ।

**खानेपानी तथा सरसफाई**

१) खानेपानी स्वस्थ रहे जीवन स्वस्थ रहने हुँदा खानेपानीका मुहान र श्रोतलाई संरक्षण गर्न आवश्यक छ । यस गाउँपालिका अन्तर्गत रहेका खानेपानीका मुहानलाई संरक्षण गर्दै सबै वडा र टोलमा स्वच्छ खानेपानी वितरण गर्ने योजना रहनेछ, साथै खानेपानीका मुहान तथा धाराहरुको सरसफाईलाई समेत पहिलो प्राथमिकतामा राखिनेछ ।
२) मेल्लेख गाउँपालिका अन्तर्गतका सम्पूर्ण पानीका श्रोतहरुको पहिचान गरी संरक्षण र उचित वितरण गरिने व्यवस्था मिलाइनेछ ।

**संस्कृति प्रवर्द्धन**
३) यस मेल्लेख गाउँपालिका भित्र धरोहरका रुपमा रहेका पुराना संस्कृती, रितीरिवाज र बाजागाजालाई जर्गेना तथा आधुनिकीकरण गर्न आवश्यक छ । त्यसैले यहाँका मौलिक बाजा, धर्म, नाचगान जस्ता संस्कृतीलाई जोगाउन प्रोत्साहन गर्ने नीति ल्याइने छ ।
४) मेल्लेख गाउँपालिकाका लोक संस्कृति अन्तरगत देउडा, पुतला र भुवो लगायतलाई जगेर्ना गर्न विशेष कार्यक्रमको आयोजना गरिनेछ ।
७) गाउँपालिकामा मनाइने पर्व जस्तैः भुँवा, पुतला, होली, देउडा, हुड्के नाच आदि संस्कृतिहरुको प्रवर्द्धन गर्नको लागि गाउँपालिकामा संग्राहालयको व्यवस्थापन गर्न पहल गरिनेछ ।

**लैंगिक समानता तथा समावेशकिरणः** यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । एक वडा, एक महिला समुह मार्फत उपभोक्ता समितिको अध्यक्षमा महिलालाई प्राथमिकता दिइनेछ । लैगिक विभेद मार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, आफुले संविधान तथा कानुन बमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विकासलाई अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउने तर्फ नीतिलाई निरन्तरता दिइने र पूर्णता दिन पहल गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षा वापतको रकम पाए नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । मेल्लेख गाउँपालिकामा एक नमुना दलित वस्ती निर्माणको पहल गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ । लक्षित वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याउन र विकासमा सहजीकरण गर्न आवश्यकता अनुसार गाउँपालिकामा महिला, युवा, बालवालिका, दलित समन्वय समितिहरु गठन गरिनेछ । खेलकुदको विकास र प्रवर्द्धन गर्न प्रत्येक वर्ष गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता गरिनेछ । यस क्षेत्रमा रहेको छाउपडी जस्ता कु-संस्कारलाई चेतनामुलक कार्यक्रमद्वारा मुक्त पारिनेछ ।

## सुशासन तथा संस्थागत विकास

**१)** जनसहभागिता, पारदर्शिता, जन उत्तरदायीत्व जस्ता पद्धतीद्वारा गाउँपालिकाबाट हुने कार्यहरुमा सुशासनको अनुभुती दिईनेछ । कर्मचारी तथा पदाधिकारीहरुलाई क्षमता विकासका लागी विभिन्न तालिम, गोष्ठीको माध्यमद्वारा अझ जवाफदेही बनाईनेछ । राजश्व परिचालन, वित्तिय व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ । आगामी वर्ष गाउँपालिका र वडास्तरमा '**जनता र जनप्रतीनिधि तथा जनता र कर्मचारी'** जस्ता कार्यक्रम ल्याई कम्तीमा वर्षको दुई पटक सार्वजनिक सुनुवाई कार्यक्रम राखिनेछ जसले सुशासनलाई अझ प्रभावकारी बनाइनेछ । नागरिक सन्तुष्टी सर्वेक्षण जस्ता कृयाकलापद्वारा जनतालाई अझै सुसूचित पार्ने कार्यक्रम ल्याईने छ ।

## पूर्वाधार विकास :

**सडक तथा पुल** विकासको मेरुदण्ड सडक हो । यसै आर्थिक वर्षमा मेल्लेख गा.पा.का सम्पूर्ण वडाहरुमा सडक विस्तार गरिनेछ । विशेषतः ऋषिदहको १ नं. वडामा पहिलो प्राथमिकतामा राखिएको छ ।

१) गाउँपालिकामा चक्रपथको अवधारणा अनुरुप हात्तिकोट, कुस्कोट, ठाँटी दर्वा, ऋषिदह, शोडसा, नन्देगडा सहितको विशेष रिङरोडको ट्रयाक यसै आ.व.मा खोलिसकिने छ ।

२) मेल्लेख गा.पा.को मूल प्रवेशद्वार नन्देगडादेखि पक्कि नाली, ग्रावेल र पीचको सुरुवात गरिनेछ ।

३) नन्देगडा देखि शोडषा झडिगाउँ सम्मको रोडको स्तरोन्नति गर्नको लागि विशेष पहल गरिनेछ ।

४) मेल्लेख–चौखुट्टे, चौखुट्टे–कुस्कोट वडा कार्यालय, चौखुट्टे–सरानीसम्म स्तरोन्नति गरिनेछ र सरानी खोलामा पक्की पुलको सम्भाव्यता अध्ययन यसै वर्षमा सुरु गर्ने पहल गरिनेछ ।

५) हात्तिकोट–कुस्कोट तोलिपाटा सडकको सेलगाउँ-तोलिपाटा जोड्ने नयाँ ट्रयाक यसै आ.व.मा खोल्न पहल गरिनेछ ।

६) हात्तिकोट–मेल्लेख सडक स्तरोन्नति गरिनेछ ।

७) नन्देगडा–जयगढ सडक यसै आ.व.मा स्तरोन्नति गरिनेछ ।

८) विरावगर–कुस्कोट वडा कार्यालय, दर्वा हुँदै गोपालेगाउँ सडक यसै आ.व.मा जोडिसकिने छ ।

९) सरानी–गाँज्राहुँदै ऋषिदह सडक निर्माण गरिनेछ ।

१०) हात्तिकोट–कुस्कोट तोलिपाटा सडकको मनुकालीँ-बुढाबगर जोड्ने सडक स्तरोन्नति गरिनेछ ।

११) २ नं. वडा कार्यालयदेखि सानीखेतसम्म नयाँ सडक यसै आ.व.मा खोल्न विशेष पहल गरिनेछ ।

१२) मेल्लेख बुढिगंगा हाइड्रोपावरको पावर स्टेशन जोड्ने फास्टट्रयाकको स्तरोन्नतिका लागि पहल गरिनेछ ।

१३) गाउँपालिका क्षेत्रभित्र रहेका काठेपुलहरुलाई विस्थापित गर्दै झोलुंगेपुल निर्माणतर्फ ध्यान केन्द्रित गरिनेछ । यसैवर्ष पुल निर्माणको सम्भाब्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन समेत तयार गरी कार्यान्वयन गरिनेछ ।

**सिंचाईः** गाउँपालिका भित्र सम्भाब्यता अध्ययनगरी सिंचाईको ब्यवस्था मिलाईनेछ । सम्भाव्यता अध्ययनका आाधारमा पानीको श्रोत, प्रभावित जनसंख्या र जमिन, नगदे बाली र बजारको अवस्थाका आधारमा बजेट बिनियोजन गरी

साझेदारीमा समेत लगानी गरिने छ । संघ र प्रदेशबाट बिनियोजित बजेटमा समेत समपूरक कोषको रकम खर्च गरिनेछ । ठुला, साना र मझौला लगायत थोपा, स्प्रिंकल सिंचाई प्रविधिको अभ्यास गरी तरकारी खेतिको प्रवर्द्धन गरिनेछ । समुह, सहकारी र व्यक्तिलाई समेत परिचालन गरिनेछ ।

**भवन तथा सहरी विकासः**

यस मेल्लेख गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण इजाजत दिने प्रणालीलाई व्यवस्थित गरिनेछ । नेपाल सरकार शहरी विकास मन्त्रालयबाट जारी वस्ती विकास तथा भवन सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ अनुसार सडक मापदण्ड, सडक अधिकार क्षेत्र तथा सेटब्याक पुरा भएको, सडक ऐन अनुसार गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण जस्ता विषयलाई मध्यनजर गरी निर्माण इजाजत दिइने व्यवस्था मिलाइनेछ ।

-निजी घर तथा सार्वजनिक भवनहरु निर्माण गर्दा भुकुम्प प्रतिरोधात्मक संरचना निर्माणमा जोड दिइनेछ । गाउँपालिकाले तोकेको अलग पहिचान झल्किने मोडेलको घर निर्माण गर्दा लाग्ने महशुलमा केही छुट दिने व्यवस्था मिलाइनेछ ।

-गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरुको पहिचान गरी संरक्षण गर्ने कार्यक्रम ल्याइनेछ ।

- यसै आ.व.मा मेल्लेख गाउँपालिका, वडा र विद्यालयका भवन निर्माणको लागि बजेट विनियोजन गरिएको छ ।

**उर्जाः** उर्जा विकासको महत्वपुर्ण पुर्वाधार हो । यस गाउँपालिका क्षेत्रभित्र विगतमा ग्रामिण उर्जा प्रयोग व्यापक रुपमा गरिएको छ, जुन असाध्यै सराहनीय छ ।

१) विद्युतको केन्द्रीय प्रसारण लाइन यसै वर्ष शोडषा, नन्देगडा र विन्ध्येवासिनीमा सम्पन्न गरिनेछ र कुस्कोट, ठाँटीमा विस्तार गरिनेछ । र गाउँपालिका भरी विस्तार गर्ने नीति लिइनेछ ।

२) ग्रामिण उर्जालाई केन्द्रीकृत गर्ने र राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युत प्राधिकरणलाई विक्री गर्ने नीति अबलम्बन गरिनेछ ।

३) यस गाउँपालिकालाई समृद्ध बनाउन प्रयासरत सम्पुर्ण दातृ संस्था, नेपाल सरकार, यस क्षेत्रका सम्पुर्ण जनता तथा सरोकारवालाहरुलाई धन्यवाद समेत व्यक्त गर्न चाहन्छु । आगामी दिनमा समेत विपन्न जनताहरुलाई, सुधारिएको धुँवा रहित चुलो वितरण गर्ने, सो सम्बन्धी तालिम र प्रचार प्रसार गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

- वुढीगंगा हाइड्रोपावर यसै गाउँपालिका भित्र पर्ने भएकोले यस गाउँपालिकामा **'एक घर, एक शेयर'**को लागि नेपाल सरकार, उर्जा मन्त्रालय र सरोकारवालासँग पहल गरिनेछ ।

**संचारः** आजको युग सूचना र सञ्चारको युग हो । सूचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिँदैन । त्यसैले मेल्लेख गाउँपालिकामा **'संचार डेस्क'** स्थापना गरिनेछ । विज्ञ सञ्चारकर्मीद्वारा संचारसम्बन्धी प्रशिक्षण चलाइनेछ । एफएम सञ्चालनका लागि साझेदारी गरिने छ । गाउँपालिकाको केही भूभागमा संचारले राम्रोसँग काम गर्दैन यसको लागि सरोकारवाला तथा नेपाल टेलिकमको जि.एस.एम. टावर स्तरोन्नति गरी नयाँ टावर समेत राखी मोबाईल सेवा सुचारु गर्ने तर्फ विशेष पहल गरिनेछ । यसै आ.व.मा मेल्लेख गाउँपालिका लगायतका केही वडाहरुमा ल्याण्डलाइन फोनको लागि विशेष पहल गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापनः**

गाउँपालिकामा पाइने जडिबुटीहरु संकलन कार्यलाई व्यवस्थित गर्ने तर्फ पहल गरिनेछ । यस क्षेत्रमा पाइने महत्वपुर्ण तथा बहुमुल्य जडिबुटीहरुको संकलन, प्रशोधन र बजारीकरणका लागि विभिन्न निकायसँग सहकार्य र समन्वय गरी उचित व्यवस्था गर्ने तर्फ ध्यान केन्द्रीत गरिनेछ ।

- विपद् जोखिम क्षेत्रको नक्साङ्कन र सम्भावित बस्ति क्षेत्रहरुको पहिचान गरी समाधानको उपाय खोजिनेछ ।
- हरियाली गाउँपालिका क्षेत्र निर्माण गर्न खालि जग्गा र पाखो क्षेत्रमा बृक्षारोपरण र जंगलको संरक्षण गरितनेछ ।
- विपद्को समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त **विपद् उद्दार समुह गठन** गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाहरु गौचरण, जंगल, बाटो, पाटीपौवा, मठ मन्दिर, पधेरो, चौतारो लगायतका क्षेत्रहरुको संरक्षण गरिनेछ ।

- बाढी, पहिरो, भु क्षय, आगलागी, चट्याङ्ग र भुकम्प जस्ता विपत्तीबाट धनजनको क्षती हुने सम्भावना रहने हुँदा यस्तो विपद् व्यवस्थापनका लागि **विपद् व्यवस्थापन कोष**को व्यवस्था गरिने छ ।

**जलवायु परिवर्तनः** जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्षमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यस गाउँपालिकामा विरुवाहरु वृक्षारोपण गर्ने, सोको लागि सम्भाव्यता अध्ययन गर्ने, वोटविरुवा काट्न नदिने वनक्षेत्र विस्तार कार्यक्रमहरु सञ्चालन गर्ने, वातावरणीय सन्तुलन र मानवीय सुरक्षा लगायतका विषयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने, नदी नियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ ।

**सुशासन तथा संस्थागत विकासः**

**सुशासनः** योजनाहरुको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउन अनुगमन समिति गठन गरिनेछ । वडा कार्यालयलाई व्यवस्थित बनाउन साधनश्रोत उपलब्ध गराइनेछ । गाउँपालिकाको संस्थागत विकास गर्न आवश्यक कर्मचारी, भवन, प्रविधि तथा उपकरणको अभाव खड्किरहेको छ । गाउँपालिकाको भवन नहुँदा कर्मचारीले काम गर्ने स्थान र सेवाग्राहीले सेवा लिन केही कठिनाई भएकोछ । कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

- उपभोक्ता हित संरक्षणको लागि आवश्यक पूर्वाधार तयार गरी गाउँस्तर उपभोक्ता हित संरक्षण मञ्चको गठन गरिनेछ ।
- नागरिक सूचनाको हकलाई प्रत्याभूत गर्न सूचनामा सहज पहुँचको सुनिश्चितता गर्न आवश्यक संयन्त्रहरुको विकास गरिनेछ । खुला सरकारको अवधारणाको विकास गर्दै सामाजिक सञ्जाल, वेभ साइट तथा अन्य विद्युतिय प्रविधिहरुको विकास र विस्तारमा जोड दिइनेछ ।
- वर्तमान संविधानले गरेको व्यवस्था अनुरुप गाउँपालिकाबाट सम्पादन हुने न्याय प्रणालीलाई सरल सहज तुल्याई सबैको पहुँचमा पुऱ्याइनेछ । वडाहरुमा मध्यस्थता केन्द्र र सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गर्दै उनीहरुको क्षमता विकास र परिचालन गरिनेछ ।
-प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरिनेछन् ।
- गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा गठित न्यायिक समितिलाई साधन श्रोतयुक्त बनाई अगाडि बढाइनेछ ।
- यस आ.व. देखि उत्कृष्ट कार्य गर्ने गाउँपालिकाका कर्मचारी तथा संस्थाको पहिचान गरी पुरस्कृत गर्ने परिपाटीको विकास गरिनेछ । त्यस्तै उत्कृष्ट शिक्षक, महिला, स्वास्थ्य स्वयमसेविका, आमा समुह, महिला समुह, सहकारी, कृषक समुह, टोल विकास समुह, निर्माण व्यवसायी, विपद व्यवस्थापन समुह तथा उपभोक्ता समितिलाई पनि पुरष्कृत गरिनेछ ।
- छिमेकी गाउँपालिका तथा नगरपालिकासँगको सहकार्यमा अन्तर स्थानीय तह साझेदारी कार्यक्रम पहिचान गरी अगाडि बढाइनेछ ।

**संस्थागतः** गाउँपालिकाका सबै वडा कार्यालयहरुमा कम्प्युटर उपलब्ध गराइनेछ । कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरस्कृत गरिनेछ । प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । योजना तथा कार्यक्रमहरुलाई संचालन गर्दा शून्य पेश्कीको नीति अवलम्बन गरिनेछ । भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीतिलाई अख्तियार गरिनेछ । संस्थागत क्षमता विकास भइनसकेको अवस्थामा वित्तिय व्यवस्थापनमा नेपाल सरकारको नीति पालना गर्ने कार्य गरिनेछ । नयाँ नीति तथा प्रविधि अपनाई वित्तिय व्यवस्थापन र सुशासन कायम गर्ने योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ । यस गाउँपालिका अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ, यस क्षेत्रमा कर्मचारी सँधै बस्ने, गाउँवासीको पीरमर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरसः

कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ। विकट भौगोलिक क्षेत्रमा आई काम गर्नुपर्ने बाध्यता भएकाले यथासक्य प्रोत्साहन भत्ताको व्यवस्था मिलाउनेतर्फ पहल गरिनेछ।

यसैवर्षबाट एकिकृत सम्पत्ती कर लगाई मालपोत लगायतका कर संकलन गरिनेछ। जडिबुटी, कवाडी र जीवजन्तु निकासी पैठारी कर लगाइनेछ। सामुदायिक वनको संचालन र व्यवस्थापनबाट रोयल्टी संकलन गरिनेछ।
यस गाउँक्षेत्रका युवाहरुमा वेरोजगारीको दर उच्च छ, सक्रिय जनसंख्याको हिस्सा उच्च हुँदा पनि उक्त युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिँदा एकातर्फ गरिबी न्युनीकरण हुन सकिरहेको छैन भने अर्कातर्फ उपलब्ध स्रोत साधनका समुचित परिचालन हुन नसकेको तीतो यथार्थ हाम्रो सामु छ। युवाहरुलाई उपलब्ध साधन श्रोतको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइने छ।
सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ। यस कार्यक्रममा संघीय सरकार मार्फत सञ्चालन हुने भएपनि लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ।

यस वर्षलाई '**मेल्लेख गाउँपालिकको बजेट कार्यान्वयनमा पारदर्शिता र जवाफदेहिता वृद्धिको** वर्षको रुपमा मनाइनेछ। गाउँपालिका क्षेत्रभित्रका लागि तय गरिएको राजश्व उठाउने तर्फ पनि उत्तिकै पहल गरिनुको साथै आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछन्। अनुगमन प्रणालीलाई प्रभावकारी, उत्तरदायि, पारदर्शि वनाउन गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको समितिलाई सक्रिय पारिनेछ, साथै वडास्तरिय अनुगमन समितिलाई समेत उत्तरदायि र जवाफदेही वनाईनेछ।

**दीर्घकालिन सोंचः** (Vision)
**सुन्दर र समृद्ध गाउँपालिका निर्माणको एकमात्र आधारः जैंविक, कृषि उत्पादन, पशुपालन र जडिवुटिको माध्यमबाट निर्यातमुखी अर्थतन्त्रको विकास नै हाम्रो शसक्त अभियान** यस मेल्लेख गाउँपालिकाको दीर्घकालिन सोंच रहेको छ।

**लक्ष्यः** (goal) जैंविक कृषि उत्पादन, पशुपालन, जडिबुटी, पर्यटन र निकासी व्यापारबाट नागरिकको आयस्तरमा उल्लेखनीय रुपमा बृद्धि गर्दै पाँचवर्ष भित्रमा पशुपालन र कृषिमा आत्मनिर्भर गाउँपालिका बनाउने।

**उद्देश्यः** (Objective)

- कृषि व्यवसाय, पशुपालन, जडिबुटी उत्पादन र निकासी, उद्योग तथा व्यापारलाई सहयोग पुग्नेगरी मेल्लेख गाउँपालिकाको मेरुदण्ड सडक रहेकोले सबै वडा कार्यालयहरुलाई सडक संजालले जोड्ने गरी यातायात गुरु योजना तयार गर्ने।
- एक टोल, एक उत्पादन अवधारणा अनुरुप राष्ट्रिय भुउपयोग नीति अनुसार कृषि क्षेत्रमा जमिनको बर्गिकरण गर्ने।
- गाउँपालिकामा रहेको स्वास्थ्य केन्द्रलाई स्तरोनन्ती गरी अस्पतालको रुपमा विकास गर्ने।
- सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने।
- पूर्ण सरसफाई युक्त गाउँपालिका निर्माण गर्ने
- सबैलाई स्वच्छ पिउने पानी पुऱ्याउने अवधारणा अनुरुप सबै टोलमा खानेपानी उपलब्ध गराउने
- गाउँपालिकास्तरीय बृद्धाश्रम निर्माणको पहल गरिनेछ।
- सबै विद्यालय कर्कटपाता रहित गर्ने।
- मुख्य सडकहरुको स्तरोन्नती र पीचको अवधारण ल्याइनेछ।

**अपेक्षित उपलब्धीः**

- आगामी पाँच वर्ष भित्र गाउँवासीको प्रति व्यक्ति औसत आम्दानीमा बृद्धि हुने।

- गाउँवासीको औसत आयुमा बृद्धि हुने ।
- बाल मृत्युदर र मातृ मृत्युदर न्यून हुने ।
- पूर्ण साक्षर गाउँपालिका हुने ।
- बालश्रम मुक्त र वातावरणमैत्री वस्तिको निर्माण हुने ।

**उपस्थित गाउँसभा सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,**
अब म मेल्लेख गाउँपालिकाको आ.व.२०७६/०७७ को आय, व्यय प्रस्तुत गर्न गइरहेको छु ।

अनुमानित कूल बजेट:

**आय:**

**संघीय सरकारबाट प्राप्त**

| | |
|---|---|
| **वित्तीय समानिकरण:** | ९,१३,००,०००। |
| **राजश्य वाडफाड:** | ८,२२,००,०००। |
| | **जम्मा: १७,३५,००,०००।** |

**प्रदेश सरकारबाट प्राप्त**

| | |
|---|---|
| **वित्तीय समानिकरण:** | ६८,७५,०००। |
| **राजश्व बाँडफाँड:** | १६,९६,०००। |
| | **जम्मा: ८५,७१,०००।** |

| | |
|---|---|
| **सशर्त** | १४,२०,००,०००। |
| **आन्तरिक श्रोत:** | २५,००,०००। |
| | **जम्मा: १४,४५,००,०००।** |
| | **जम्मा वजेट: ३२,६५,७१,०००।** |

| | |
|---|---|
| **संघबाट विशेष अनुदान:** | २,५०,००,०००। |
| **समपुरक अनुदान:** | १,५०,००,०००। |
| **प्रदेश विशेष अनुदान:** | १,००,००,०००। |
| **समपुरक अनुदान:** | ५०,००,०००। |
| | **जम्मा वजेट: ५,५०,००,०००।** |

**बहुक्षेत्रीय पोषण: १४,५४,०००।**

**आर्थिक वर्ष २०७६/०७७ को कुल विनियोजित वजेट: ३८,३०,२५,०००।**

**विभिन्न संघ संस्था:**

| | |
|---|---|
| **आर.भी. डब्लू. (रुडेक)** | ४२,८६,४००। |
| **आई.डि.एस नेपाल** | ६६,५८,१४७। |
| **एस.नेपाल** | १८,४५,०००। |
| **सेवक नेपाल** | १३,८९,६००। |
| **आस्था** | ७७,३६,००८। |
| **वाक नेपाल** | ५६,९०,१००। |

**जम्मा रकम: २,७६,०५,२५५।**

**संघीय सरकार/प्रदेश सरकार र विभिन्न संघ संस्थाबाट प्राप्त जम्मा: ३९,९१,७६,२२५।**

**आय-व्यय** विवरण तथा कार्यक्रम र आयोजनाहरुको विस्तृत विवरण अनुसूचिमा संलग्न गरेको छु। प्रस्तुत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको सम्भावना उजागर भई समुदायमा आधारित समावेशी विकासको आधार खडा हुने अपेक्षा लिइएको छ।

**उपस्थित सम्पूर्ण महानुभावहरु,**
यस गाउँपालिकाको चौथो गाउँसभामा वार्षिक बजेट, नीति र कार्यक्रमहरु सार्वजनिक गर्न आयोजित यस समारोहमा आफ्नो व्यस्तताको बावजुद पनि हाम्रो आतिथ्यता स्वीकार गरी हामीलाई आफ्नो कार्य प्रति अभिप्रेरित गर्ने प्रमुख अतिथिज्यू विशिष्ट अतिथि ज्यू, लगायत सम्पूर्ण अतिथिज्यूहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। त्यसैगरी चौथो गाउँसभाको तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागी हुनु भएका गाउँपालिकाका सम्पुर्ण जनसमुदायहरु, गाउँपालिकाका प्रशासकीय अधिकृत ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारी बन्धुहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, दातृ निकाय, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु। त्यसै गरी सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको शुरुवात सँगै आजको यस सार्वजनिकीकरण समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुऱ्याएको योगदानका लागि उच्च मुल्यांकन गर्दै आभार प्रकट गर्न चाहन्छु।

**अन्त्यमा,**
प्रस्तुत योजना, नीति र कार्यक्रमहरुको सफल कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै '**मेल्लेख गाउँपालिकाको बजेट कार्यान्वयनमा पारदर्शिता र जवाफदेहिता वृद्धिको वर्षको**' रुपमा मनाउनका लागि सहयोगको अपेक्षाका साथ विदा हुन अनुमति चाहन्छु।

**धन्यवाद !**

२०७६, असार १० गते